**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. केन्द्रीय गृहमन्त्री अमित शाहले आज नया दिल्लीमा जम्मु कश्मिरको सुरक्षा बिषय समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ ।

२. केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले आगामी दुईदेखि तीन वर्षमा १०० अमृत भारत रेल, ५० नमो भारत रेल र २०० वन्दे भारत ट्रेन स्लीपर र चेयर कारबाट बनाइने बताउनु भएको छ।

३. दिल्लीमा भोलि हुने ७० सदस्यीय विधानसभा चुनाउलाई सुचारु रुपमा सम्पन्न गर्नको लागी सबै तयारी पूरा भइरहेको छ।

४. लोकसभाका अध्यक्ष ओम बिरलाले भारत र रुसबीचको बलियो मैत्रीक सम्बन्ध विश्वका लागि सहयोग र कूटनीतिको ज्वलन्त उदाहरण भएको बताउनु भएको छ ।

५. भारतीय सेना र माल्दिभ्सको राष्ट्रिय प्रतिरक्षा बलबीच १३ औं संस्करणको संयुक्त सैन्य अभ्यास 'इकुभेरिन' शुरु भएको छ।

६. सिंगापुरमा जारी सिंगापुर स्म्यास बिश्व टेनिस प्रतियोगिताको मिक्स डबल्सको प्रि–क्वाटरफाइनलमा आज साँझ भारतका मानुष शाह र दिया चितालेको जोडीले मेक्सिकोका मार्कोस म्याड्रिड र अन्र्तक्सा कोसियोको जोडीसँग प्रतिस्पर्धा गर्नेछ ।

<u>केंद्रीय गृह मंत्री सुरक्षा समीक्षा बैठक</u>

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नया दिल्लीमा जम्मु कश्मिरको सुरक्षा बिषय समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ । बैठकमा जम्मु काश्मिरका उपराज्यपाल मनोज सिन्हा, गृहसचिव गोविन्द मोहन, इन्टेलिजेन्स ब्युरो, आईबी र रअ जस्ता केन्द्रीय एजेन्सीका प्रमुख लगायत अन्य वरिष्ठ अधिकारीहरूले भाग लिनेछन्।

****** ० ******

<u>केंद्रीय रेल मंत्री अश्विनी वैष्णव</u>

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले आगामी दुईदेखि तीन वर्षमा १०० अमृत भारत रेल, ५० नमो भारत रेल र २०० वन्दे भारत ट्रेन शयनयान र कुर्सियान सहित बनाइने बताउनु भएको छ। नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै श्री वैष्णवले बर्ष २०२५-२६ को केन्द्रीय बजेटमा भारतीय रेलवेका लागि दुई लाख ५२ हजार करोड रुपियाँ आवन्टन गरिएको जानकारी दिनुभएको छ। बजेटमा रेल सुरक्षाका लागि १ लाख १६ हजार करोड रुपियाँ आवन्टन गरिएको छ। केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले हिज आगामी वित्त वर्ष २०२५-२६ का लागि देशभरिका विभिन्न रेल मण्डलहरुका लागि बजेट आवन्टनको बारेमा मिडियालाई सम्बोधन गर्नुहुदै रेलवेले झारखण्डमा ६० हजार करोड रुपियाँ निवेश गरेको उल्लेख गर्नुभएको छ ।

****** ० ******

भारतीय जनता पार्टी -सांसद टिप्पणी

भारतीय जनता पार्टीका सांसदहरूले हिज राज्यसभाका सभापति जगदीप धनखड़लाई भेटेर राष्ट्रपति द्रौपदी मुर्मु माथी अपमानजनक टिप्पणीको लागी वरिष्ठ कांग्रेस नेतृ तथा सांसद सोनिया गान्धीविरुद्ध संसदीय विशेषाधिकार हननको सुचना बुझाएका छन्। नोटिसमा भनिएको छ, 'श्रीमती गान्धीको बयान स्थापित नियम र आचरण तथा संसदीय नैतिकता र शिष्टाचारको अनुरुप छैन । सांसदहरूले राज्यसभाका सभापतिलाई यस विषयमा संज्ञान लिन र श्रीमती गान्धीविरुद्ध अनुशासनात्मक कारबाही शुरु गर्न आग्रह गरेका छन्। भारतीय जनता पार्टीका सांसद फग्गनसिंह कुलस्ते अनुसार पार्टीका सांसदहरूले हिज लोकसभा अध्यक्ष ओम बिरलालाई भेटेर स्वतन्त्र सांसद राजेश रञ्जन उर्फ पप्पु यादवविरुद्ध विशेषाधिकार हननको सूचना बुझाएका छन्। उहाँले पप्पु यादवको टिप्पणी संसदीय परम्परा र आचरण विपरीत भएको बताउनु भएको छ ।

****** ० ******

**दिल्ली विधानसभा चुनाव -प्रबन्ध**

दिल्लीमा भोलि हुने ७० सदस्यीय विधानसभा चुनाउलाई सुचारु रुपमा सम्पन्न गर्नको लागी सबै तयारी पूरा भइरहेको छ। भोलि बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म मतदान हुनेछ। एक करोड ५६ लाख भन्दा अधिक मतदाताहरुले ६ सय ९९ उम्मेदवारहरुको भाग्यको निर्णय गर्नेछन्। यस सम्बन्धी प्रचार अभियान हिजो साँझ समाप्त भएको छ। मतगणना शनिवार हुनेछ ।

****** ० ******

लोकसभा अध्यक्ष ओम बिरला -भारत और रूस -

लोकसभाका अध्यक्ष ओम बिरलाले भारत र रुसबीचको बलियो मैत्रीक सम्बन्ध विश्वका लागि सहयोग र कूटनीतिको ज्वलन्त उदाहरण भएको बताउनु भएको छ । रूसी संसदीय प्रतिनिधिमण्डलको संसद भवनको भ्रमणको अवसरमा हिज श्री बिरलाले दुई देशबीचको ऐतिहासिक र घनिष्ठ मित्रताको बारेमा कुरा गर्नुभयो। उहाँले भारत र रुसबीचको सम्बन्धलाई विश्व मञ्चमा निकै विशेष मानिएको बताउनु भएको छ । श्री बिड़लाले भन्नुभयो -दुई देशबीचको सम्बन्ध शताब्दियौं पुरानो छ र रूस स्वतन्त्रतापछि भारतको सबैभन्दा नजिकको सहयोगी रहेको छ। उहाले बर्ष २०२४ मा ब्रिक्सको सार्थक अध्यक्षता को लागी रुसलाई बधाई दिनुभएको छ ।

****** ० ******

**दिल्ली विधानसभा चुनाव -मेट्रो रेल**

दिल्ली मेट्रो रेल कॉर्पोरेशनले दिल्ली विधानसभा चुनावको मतदानको दिन बिहान 4 देखि अपनी मेट्रो सेवा शुरू गर्नेछ। दिल्ली मेट्रो रेल कर्पोरेसनले मतदान कर्मचारी, सुरक्षाकर्मी र चुनावी ड्युटीमा रहेका मतदाताहरुको सुबिधाको लागी यो निर्णय गरिएको जनाएको छ। बिहान ६ बजेसम्म सबै लाइनमा ३० मिनेटको अन्तरालमा रेल चल्ने र बिहान ६ बजेपछि दिनभरि नियमित समयतालिका अनुसार मेट्रो उपलब्ध हुने निगमले जनाएको छ। निगमले चुनाउ ड्यूटी सकेर ढिलो फर्कने मतदान कर्मचारीहरुको सुविधाका लागि सबै लाइनहरुमा ५ र ६ फरवरीमा अन्तिम मेट्रो सेवाको समय पनि बढाएको छ।

****** ० ******

**दिल्ली विधानसभा चुनाव- अभियान**

दिल्ली पुलिसले विधानसभा चुनावअघि राष्ट्रिय राजधानीमा लागू गरिएको आदर्श आचार संहिता उल्लङ्घन गर्ने मामिलामा अहिलेसम्म १ हजार ७१ वटा मुद्दा दर्ता गरेको छ। पुलिसले ४ सय ६२ गैर हातहतियार र ५ सय १० अवैध

कार्तुस उद्धार गरेको छ। पुलिस अनुसार एक लाख लिटर भन्दा अधिक मद् -मदिरा, लगभग १७७ किलो लागुपदार्थ , ७७ करोड रुपियाँ भन्दा अधिक मूल्य बराबरको लागुपदार्थ र ११ करोड भन्दा अधिक नगद उद्धार गरिएको छ। ७ जनवरी देखि हालसम्म ३१ हजारभन्दा अधिक व्यक्तिहरुलाई निरोधात्मक उपाय र आबकरी कानुनको प्रावधान अन्तर्गत पक्राउ गरिएको पुलिसले जनाएको छ । दिल्लीमा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण विधानसभा निर्वाचन सुनिश्चित गर्नका लागि राष्ट्रिय राजधानीका विभिन्न भागमा पुलिसले विशेष अभियान चलाएको छ ।

****** ० ******

**हरियाणा-38वां सूरजकुंड अंतर्राष्ट्रीय शिल्प मेला**

३८ औं सुरजकुण्ड अन्तर्राष्ट्रिय हस्तकला मेला आगामी ७ फरवरी देखि हरियाणाको फरिदाबादमा हुने भएको छ। यस वर्षको मेलामा ओडिसा र मध्य प्रदेश थिम स्टेटको रुपमा रहनेछन् भने बिम्स्टेक जस्ता देशहरु बंगलादेश, भुटान, म्यानमार, नेपाल, श्रीलङ्का र थाइल्याण्डका कम्पनीहरुले आफ्ना उत्पादहरु प्रदर्शन गर्नेछन् । हरियाणा पर्यटन निगमका प्रबन्ध निर्देशक सुनिल कुमारले यस पटकको मेलाले भारतीय संस्कृतिका साथै कला, हस्तकला र स्वदेशी उत्पादनलाई बढावा दिने बताउनुभएको छ । श्री कुमार अनुसार यस पटकको मेलामा १२ सय प्रदर्शकले आफ्ना उत्पादहरु प्रदर्शन गर्नेछन् ।

****** ० ******

**भारत माल्दिब्स –सैन्य अभ्यास**

भारतीय सेना र माल्दिभ्सको राष्ट्रिय प्रतिरक्षा बलबीच १३ औँ संस्करणको संयुक्त सैन्य अभ्यास 'इकुभेरिन' शुरु भएको छ। भारत र माल्दिभ्समा वैकल्पिक रुपमा सञ्चालन गरिएको यो सैन्य अभ्यास द्विपक्षीय वार्षिक अभ्यास हो। बर्ष २०२३ मा उत्तराखण्डको चौबतियामा ११ जुन देखि २४ जुन सम्म यो कार्यक्रम सञ्चालन गरिएको थियो। धिवेही भाषामा इकुवेरिनको अर्थ 'फ्रेन्ड्स' हुन्छ।

****** ० ******

**पर्यावरण मंत्रालय -आई.बी.सी.ए.**

पर्यावरण मन्त्रालयले अन्तर्राष्ट्रिय बिग क्याट एलायन्स, आई.बी.सी.ए., स्थापनाको रुपरेखाको सम्झौता आधिकारिक रुपमा लागु भएको घोषणा गरेको छ। 23 जनवरी देखि आईबीसीए र यसको सचिवालयहरू एक पूर्ण, सन्धि-आधारित, अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठन र कानूनी इकाई बनेका छन्। पाच देशहरु निकारागुआ, एस्वातिनी, भारत, सोमालिया र लाइबेरियाले सम्झौता अनुमोदनका लागि दस्तावेज पेश गरेका छन् । हालसम्म भारत सहित २७ देश आई.बी.सी.ए.मा सामेल भएका छन् । वन्यजन्तु संरक्षणको क्षेत्रमा काम गर्ने धेरै अन्तर्राष्ट्रिय र राष्ट्रिय संस्थाहरू पनि आईबीसीएमा सामेल भएका छन्।

****** ० ******

**भारतीय रिजर्व बैंक-आरबीआई**

भारतीय रिजर्भ बैंकले गत महिनाको ३१ तारिखसम्म ६,५७७ करोड रुपियाँ मूल्यको दुई हजारको बैंक नोट प्रचलनमा रहेको जनाएको छ । भारतीय रिजर्व बैंक ले एक विज्ञप्ति जारी गर्दै बर्ष २०२३ को मई महिनामा प्रचलनमा रहेका ३.५६ लाख करोड रुपियाँ मूल्यको दुई हजारको नोटमध्ये ९८.१५ प्रतिशत फिर्ता भएको स्पष्ट पारेको छ। आरबीआईले १९ मई २०२३ मा दुई हजार रुपियाँको नोटहरू फिर्ता लिने घोषणा गरेको थियो र मानिसहरूलाई ७ अक्टोबर २०२३ सम्ममा बैंकमा जम्मा गर्न वा साट्न आग्रह गरेको थियो। दुई हजारको नोट अहिले पनि बैध मुद्रा हो । भारतीय रिजर्भ बैंकले दुई हजार रुपियाँको नोटहरू आरबीआई का १९ वटा जारी कार्यालयहरूमध्ये कुनै पनि कार्यालयमा भारतीय डाक को मध्यम बाट जम्मा गर्न वा साट्न आग्रह गरेको छ।

****** ० ******

**राजधानी  भारत मण्डप  विश्व पुस्तक मेला**

राजधानी दिल्लीको भारत मण्डपमा विश्व पुस्तक मेला जारी छ। मेलामा देशभरिबाट ठूलो संख्यामा पुस्तकप्रेमीको भीड लागेको छ। यस वर्षको मेलाको विषय 'हम भारत के लोग' रहेको छ, जसले भारतको गणतन्त्रको ७५ औं वर्षगाठको पुरा उत्सवलाई विशिष्ट रूपमा प्रतिबिम्बित गरिरहेको छ।

****** ० ******

**भूटान नरेश- प्रयागराज**

भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुक महाकुम्भको लाभ लिन आज   प्रयागराज पुग्नु हुनेछ  । उहाँले त्रिवेणी संगममा पवित्र स्नान गर्नुहुनेछ  ।भुटानक राजा  भ्रमणका लागि हिज उत्तर प्रदेशको राजधानी लखनउ आइपुग्नुभएको छ ।

****** ० ******

**सिंगापुर स्मैश विश्व टेनिस प्रतियोगिता**

सिंगापुरमा जारी सिंगापुर स्म्यास बिश्व  टेनिस प्रतियोगिताको मिक्स डबल्सको प्रि–क्वाटरफाइनलमा आज साँझ भारतका मानुष शाह र दिया चितालेको जोडीले मेक्सिकोका मार्कोस म्याड्रिड र अन्र्तक्सा कोसियोको जोडीसँग प्रतिस्पर्धा गर्दैछन्। म्याच भारतीय समय अनुसार दिउँसो ३:३० बजे शुरु हुनेछ। महिला डबल्समा भारतका अहिका मुखर्जी र सुतीर्था मुखर्जीको जोडीले थाइल्याण्डकी सुथासिनी सावेताबात र ओरावान परानांगको जोडीसँग प्रतिस्पर्धा गर्नेछन् । भारतीय खेलाड़ी यशस्विनी घोडपडे र उनकी अष्ट्रेलियन जोडी मिन्ह्युङ जीले आज बिहान स्विडेनकी लिन्डा बर्गस्ट्रोम र क्रिस्टिना कालबर्गको जोडीसँग प्रतिस्पर्धा गर्नेछन्।

****** ० ******